बूढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोल्फुटार, काठमाण्डौं, फोन नं.: ०१-४३७२७२५
३ नं. प्रदेश, नेपाल ।




# प्रेश विज्ञप्ति

मिति २०७४।१२।२६ गते कार्यालय समय पछि नगरपालिकाको कार्यालय भन्दा बाहिर यस बूढानीलकण्ठ नगरपालिका का प्रमुख प्रशासकिय अधिकृत श्री लीला अधिकारी र ईञ्जिनियर श्री बिजेन्द्र श्रेष्ठलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग वाट खटिएको टोलिले नियन्त्रणमा लिई थप अनुसन्धान प्रकृया अगाडी बढाएको भनि सार्वजनिक संचार माध्यमहरुमा प्रकाशित समाचार प्रति यस नगरपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ।

सुशासन र विकासको स्पष्ट मार्गचित्र लिएर नगरपालिका अगाडी बढेको विषय सबैमा जानकारी नै छ। नगरलाई समृद्धि को मार्गमा अग्रसर गराउदा कोही कसैवाट कमिकमजोरी हुनुहुदैन भन्ने हाम्रो मान्यता छ। यदी कोहि कसै वाट नगरपालिकाको काम कारवाहिको सिलशिलामा कमीकमजोरी भएको भए नियामक निकायहरु वाट सत्यतथ्य छानवीन गरी दोषीउपर कारवाही गर्ने बिषयमा हुने अनुसन्धानमा नगरपालिकाको पुर्ण सहयोग रहने छ। यस्ता अनुसन्धानात्मक कृयाकलापहरु वाट नगरपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरु तथा जनप्रतिनिधीहरुले कतिपनि विचलित नभई उच्च मनोवलका साथ कामकारवाही लाई अगाडी बढाउन समेत सबैमा आग्रह गर्दछु।

उद्धव प्रसाद खरेल
नगरप्रमुख

उद्धव प्रसाद खरेल
प्रमुख




Scanned by CamScanner